शिखर नगरपालिकाको **सातौं नगरसभामा**

**प्रस्तुत**

**आ.व.०७७/०७८ को**

# नीति, कार्यक्रम तथा वजेट

**आ.ब. २०७७।०७८**

**शिखर नगरपालिका**

**तल्कोट, डोटी**

**मिति :- २०७७/०३/१०**

**सम्बत २०७७ सालको नीति नं. ०१**
**आर्थिक बर्ष २०७७।०७८ को नीति कार्यक्रम तथा बजेट**

मिति :- २०७७/०३/१०

**आदरणीय सातौ नगरसभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू**
**नगर उप प्रमुख ज्यू**
**वडा अध्यक्ष ज्यूहरु लगायत नगरसभाका सबै सदस्य ज्यूहरु**
**उपस्थित सम्पूर्ण महानुभावहरू !!!**

नेपालको सम्बिधान २०७२ जारी भई मिति २०७४।०३।१४ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर सभाले सम्बैधानिक ब्यवस्था अनुसार हाल सम्म छैठौ नगर सभा सम्पन्न गरि आज हामी सातौ नगर सभाको अवस्था सम्म आई पुगेका छौं । उप प्रमुख ज्यूको तर्फबाट यस शिखर नगरपालिकाको आ.ब.२०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मान्ति सभामा प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त खुशी लागेको छ र सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि नगरसभाको गरिमा बढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

नोबल कोरोना भाईरस (कोभिड-१९) बाट विश्व आक्रान्त भएको यस जटिल परिस्थितीमा शिखर नगरपार्लिकाको आर्थिक बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सातौ नगर सभा समक्ष प्रस्तुत गरि रहदा यस नगरपालिकामा कृयाशिल सबै राजनितिक दल सरकारी गैरसरकारी संघ संस्थाहरु र सबै नगरबासीको संयुक्त पहल कदमीले यस महामारीबाट उत्पन्न हुने संकटबाट पार पाईन्छ भन्ने विश्वास लिएको छु ।

सँघिय लोकतान्त्रिक गणतन्त्र नेपालको सम्बिधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शिखर नगरपालिकालाई संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्य आदेशहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, वस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरू, विभिन्न समितिहरू र नगरकार्यपालिकाको बैठकबाट पारित भएको नीति, कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण शिखर नगरवासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मानव अधिकार, लोकतन्त्र, गणतन्त्र प्रेश स्वतन्त्रता लगायत लोकतन्त्रका आधार स्तभहरु स्थापनार्थ नेपालको राजनितिक, आर्थिक, सामाजिक तथा विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

कोभिड - १९ महामारीका कारण विश्वमा नै मानव जाती माथि अत्यन्त अप्ठ्यारो परिस्थितीको सृजना भएको छ । कल्पना भन्दा बाहिरको यस महामारी विरुद्ध लड्न हाम्रा स्वास्थ्य सेवा सुविधा अपर्याप्त रहेको अवस्थामा विश्वमा लाखौ मानिसहरु प्रभावित भई संक्रमणबाट लाखौ मानिसहरुले ज्यान गुमाउनु परेको छ । यस महामारीबाट देश विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण नेपालीहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहन्छु साथै उपचारको क्रममा रहेका सम्पूर्ण दाजुभाई तथा दिदी वहिनीहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु ।

नगरपालिकामा बसोबास गर्ने गरिब घरपरिवार, असहाय, तथा विपन्न परिवार, दैनिक कमाई गरि जीवन यापन गर्ने ब्यक्तिहरु तथा कोभिड - १९ को रोकथामका लागि नेपाल सरकारबाट भएको बन्दावन्दीका

कारणबाट रोजगारी गुमाएका ब्यक्तिहरुलाई लाक्षित गरि जम्मा १८४८ घरपरिवारलाई राहत उपलब्ध गराईएको छ । साथै कोभिड - १९ को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको बन्दावन्दी तथा सामाजिक दुरीको पालना गर्नुहुने सम्पूर्ण नगरवासीहरु प्रति आभार ब्यक्त गर्दछु । बन्दावन्दीको असहज परिस्थिती विच नगरपालिकाले रोजगारी लगायत विभिन्न कामको सिलसिलामा भित्र राष्ट्र भारत गएका नगरवासीहरु मध्ये नेपाल भारतको सिमा सम्म आई पुग्नु भएका नगरवासीहरुलाई नगरपालिकाको सम्पूर्ण खर्चमा ल्याई नगरपालिकाले निर्माण गरेका विभिन्न ४५ वटा क्वारेन्टाईनमा राख्ने ब्यवस्था मिलाइएको छ । शिखर नगरपालिका भित्र उपयुक्त स्थान हेरी कम्तीमा ५० बेड क्षमता भएको आईसोलेशन वार्ड सञ्चालनमा ल्याईनेछ । आईसोलेशन वार्डको संचालनबाट कोभिड - १९ बाट प्रभावित नगरवासीको उपचारमा थप सहज हुने विश्वास लिएको छु । यस कार्यमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, ब्यवस्थापन कार्यमा संलग्न सबै राजनितिक दल, निजी क्षेत्र, सामुदायिक संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

यस नगरपालिकाले कोभिड - १९ महामारी रोकथाम नियन्त्रण तथा उपचारका लागि कोरोना प्रतिकार्य कोषको स्थापना गरेको छ । महामारी रोकथाम, नियन्त्रण उपचार र राहत संकलन एवं वितरण कार्यमा सहयोग गर्नु हुने विभिन्न संघ संस्था जनप्रतिनिधि, राजनितिक दल, सहयोगी दाता ब्यक्ति, निजि तथा ब्यवसायिक क्षेत्र, गैरसरकारी क्षेत्र, संचार जगत र कोरोना प्रतिकार्य कोषमा रकम उपलब्ध गराउने सुदूरपश्चिम प्रदेश, शिखर नगरकार्यपालिकाको कार्यालय, नगरका कर्मचारीहरु लगायत स्वास्थ्य सामाग्रीहरु, बस्तुगत राहत सामाग्रीहरु सहयोग गर्नु हुने सम विकास केन्द्र, यु एस.ए. आई. डि., नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा डोटी, सामाजिक अभियन्ता भक्तराज जोशी र नेपाल विधार्थी संघ डोटी लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

**अध्यक्ष महोदय,**

बि.सं.२०७३ सालमा स्थापित शिखर नगरपालिका तत्कालिन कपल्लेकी, मुडेगाउं, मुडभरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एबं बारपाटा गा.बि.स.हरु मिलायर बनाइएको नगरपालिका हो । यस नगरपालिकाको क्षेत्रफल २८५.३९ बर्ग कि.मी. घरधुरी ३८०८७ जनसंख्या रहेको छ । पाकृतिक र धार्मीक दृष्टिकोणले ज्यादै महत्व राख्ने महाभारत ग्रन्थमा बर्णित महाभारत पर्बतको लामो श्रृंखला शिखर नगरपालिकाको शिरताजको रुपमा रहेको छ भने यस नगरपालिकको तल्लोक्षेत्रमा सेती नदी माला आकारमा रहेको हुदां लेक देखि बेशी औल सम्मको हाबापानी यस क्षेत्रमा पाइन्छ । यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटीकै अग्रणाी स्थानीय तहको रुपमा लिन सकिने प्रस्तस्त आधारहरु रहेका छन । पानीको प्रचुरता भएको यस नगरलाई सिंचाई एबं बिजुली बत्तिको उत्पादनका लागि पनि प्रसस्त सम्भाबना रहेका छन । हामीले प्राकृतिक स्रोत साधनको प्रयोगलाई राम्रो संग गर्न सक्यौ भने यस नगरपालिकाको जीवनस्तरलाई निकै उचाइ दिन सकिने प्रस्तस्त आधारहरु रहेका छन, धार्किक पर्यटकीय दृष्टिकोणबाट पनि यस नगरपालिकाले निकै रोजगारी सृजना गर्न सक्ने, महाभारत पर्बतमा ट्रेकिङ्ग सेतीमा र्‍याफ्टिङ्ग, सेतीका सहायक खोला गाडहरुबाट बिजुली, उच्च भेगमा स्याउ ओखर खेती, बीचको क्षेत्रमा सुन्तला, कागती, अमिलो अदुवा, दालचीनी खोती, तरकारी खेती र सेतीको तटीय क्षेत्र लगायतका क्षेत्रमा आंप, लिची, अनाज खेती हाम्रा सम्बृद्धिका सम्भाबना हुन ।

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखर एवं धार्मिक क्षेत्र, केदारेश्वर, सालमुनी एवं भागेश्वर लगायत शक्ति पिठहरु, सेती नदी एवं लामीताल, देउताल, खकरताल, चुरमुनी ताल लगायत महत्वपूर्ण ऐतिहासिक ताल तलैयाहरु जडीबुटी, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग

र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत शिखर बासीको विकास प्रति रहेको चासो शिखरको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

उल्लेखित सम्भावना तथा अवसरहरूका बावजुत हाम्रा सामु थुप्रै चुनौतीहरू रहेका छन् । आज विश्व नै कोरोना भाईरस (कोभिड - १९) को महामारीबाट आक्रान्त रहेको कुरा सर्ब विदितै छ । विश्वका अति सम्पन्न र शक्तिशाली मुलुकहरु पनि आफूलाई समाल्न नसकिरहेको यस कठिन अवस्थामा नेपाल पनि यस महामरीबाट प्रताडित छ । एकातिर संक्रमित तथा ज्यान गुमाउनेको संख्या दिनानुदिन बढ्दैछ भने अर्को तर्फ भारत तथा अन्य मुलुकहरुमा रोजगारी गुमाएर यूवाहरु बेरोजगार बनेका छन् । विकास निर्माण तर्फको ठूलो धनराशी संक्रकित ब्यवक्तिको औषधि उपचार गर्न तथा कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाईन ब्यवस्थापन, राहत वितरण लगायतका कार्यमा खर्च भएको छ । घर बसेका यूवाहरुलाई उचित रोजगारी दिन सकिएको छैन । नगरपालिकलिका भित्रका सबै विद्यालयहरु सबै क्वारेन्टाईनमा परिणत भएका छन । जसले गर्दा हजारौ बालवालिकाहरुको भविश्य जोखिममा पर्ने चिन्ता छ । सबै वडाहरूमा गुणस्तरिय शिक्षा, स्वास्थ्य, स्वाच्छ खानेपानी, सिंचाई तथा विजुलीको सहज व्यवस्थापन मिलाउन सकिएको छैन । विविध प्रकारका विभेदहरू कायमै छन् । मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन । प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन वातावरण तथा अन्य पूर्वधार र शसक्तीकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएता पनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी वनाउन सकिएको छैन । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । २० वर्ष जनताले आफ्ना प्रतिनिधी नपाउनु , नगरपालिकाको आन्तरिक स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन नसक्नु , थप चुनौतीहरूका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतीहरूको बावजुत सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

यस नगरपालिकाको अधिकांस घरधुरीहरु भारत तथा तेश्रो मुलुकमा रोजगारीका लागि जाने गरेका छन् । विश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड - १९) को सन्त्रासले हाल नगरपालिकाका अधिकांश दाजुभाई दिदि वहिनीहरु भारतबाट फर्केर घर एवं क्वारेन्टाईनमा रहेको र केही आउने क्रममा बाटोमा रहेको विद्यमान अवस्था छ । नगर भित्र रोजगारी सृजना गरि उनीहरुको जिवन सहज गर्नु तथा नगरबासीहरुलाई कोरोना रहित बनाउनु र कोभिड संक्रमण भएकाहरुलाई उपचारको उचित प्रवन्ध गरि सामान्य जिवनमा फर्काउनका साथै विकासको मूल प्रवाहमा सबै नगरबासी, सबै बर्ग, क्षेत्र, जातजाती, उमेर समूह, लिंग, विपन्न वर्ग, असहाय, अपांगता भएका ब्यक्तिहरु सबैलाई ल्याई समुन्नत नगर बनाउने चुनौतीको सामना गर्न हामी सबै प्रतिवद्ध भएर लाग्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

**अध्यक्ष महोदय,**

पांचौं नगर सभाबाट बिभिन्न ५ ओटा बिषयगत क्षेत्र पूर्बाधार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, वाताबरण र बिपत व्यबस्थापन, संस्थागत बिकास र सेवा प्रबाह सहित अन्य गरी ८ ओटा नीतिहरु पनि पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पुरा गरिने र कुनै नीति आबधिक हिसाबले कार्यान्वियन गर्ने अबस्थामा हामी छौं, नीतिहरु हाम्रा मार्ग दर्शन हुन र यस सातौं नगर सभाले पनि केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नौला समेत ल्याउने प्रयास गरेको छ । सबै नीतिलाई कार्यक्रम र बजेट संग समन्वयात्मक किसिमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहान्छु ।

हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०७७।०७८ को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिकालागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

## १.२. चालु आ.ब.२०७७।०७८ को नीति तथा कार्यक्रमको समीक्षा :

मिति २०७६ आषाढ १० गतेका दिन आयोजित यस नगरपालिकाको **पांचौं** नगरसभाले चालु आ.ब.२०७६।०७७ को अनुमानित आय व्यय बिवरण, योजना तथा कार्यक्रमहरु सहित नगर बिकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात पौष २८ गते छैटौं समीक्षात्मक नगरसभा आयोजना गरेका थियौं प्रथम पांचौ नगरसभा पछिको एक बर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं ।

यस नगरपालिकामा रहेका ११ वटा वडाहरुका करिब ३९ हजार नागरिकलाई बिकास र सुशासन दिनु र बिकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । बिगत तीन बर्षमा हामीले निम्नानुसारको रकम बिनियोजन गरी खर्च समेत गरेका थियौं ।

| आ.ब. | वडास्तर | नगर स्तर | बिषयगत शाखा | जम्मा |
|---|---|---|---|---|
| ०७४।०७५ | १२७२६९१०० | २९०६०९०६७ | ३००३६३६०। | ४४७९१४५२७।०८ |
| ०७५।०७६ | ७०८८९००० | ४२३६८१५५३ | १२१०६०००। | ५०६६७६५५३।५१ |
| ०७६।०७७ | ५८७७००००। | ३८००८००००। | ३०७०००००। | ४६९५५००००। |
| **जम्मा** | **२५६९२८१००।** | **१०९४३७०६२०।** | **७२८४२३६०।** | **१४२४१४१०८०।५९** |
| **कुल जम्मा** | | | | |

बिगत ३ बर्षको बिनियोजन कुल जम्मा रु. एक अर्व बयालिस करोड एकचालिस लाख एकचालिस हजार असी मात्र बिनियोजन गरी चालु आ.ब.को बिनियोजन बाहेक गत बिगत आ.ब.हरुमा करिब ९० प्रतिशत खर्च पनि गरेका थियौं । उक्त खर्च बिनियोजन रकमले पक्कै पनि नगरबासीको सुबिधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एवं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै नगरबासीको लागि सेवा सुबिधामा बृद्धि भएको नै होला भन्ने हामीले ठानेका छौं । चालु आ.ब. २०७६।०७७ लाई कोभिड १९ ले नकारात्मक प्रभाव पारेको बिषय जगजाहेर नै छ । बिकास निर्माणका कामको उच्च चाप हुने समयमा हामीले बन्दाबन्दी ब्यहोर्नु परेको हुंदा हामी पनि नराम्ररी प्रभाबित भएका छौं यस बर्ष बिषयगत शाखाबाट गरिने क्रियाकलापहरु पनि कार्यान्वयन गर्न नसिकियको अबस्था एवं कोरोना नियन्त्रण तथा ब्यबस्थापनमा नै नगरपालिका केन्द्रित हुनु परेको र बन्दाबन्दीका लागि नेपाल सरकारकारले गरेको निर्णयलाई कार्यान्वयन गर्न परेको अबस्थाले हामीले पनि कार्यालयको नियमित कामलाई निरन्तरता दिन सकेनौ  हामी कति

सफल छौं जनताले मूल्यांकन गर्नेछन । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०७६।०७७ को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकास :** नगरका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनका लागि विभिन्न सिप मूलक कार्यक्रमहरुलाई प्राथमिकता दिएका थियौ । बेरोजगार यूवाहरुलाई सवारी चालक तालिम विद्युत वायरिग तथा मर्मत तालिम, होटल मेनेजमेन्ट तालिम परम्परागत सिपहरुलाई नयां प्रविधिहरु संग जोड्ने विभिन्न कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिएको छ .। तर कोरोना माहामारीको कारणले कृषि तथा पशु बिकासको क्षेत्रमा गरिने कार्यलाई अगाडि बढाउन नसकियको अबस्था रहेको छ भने नगरक्षेत्र भित्रका १८ बर्ष पुरा गरी ५९ बर्ष ननाघेका १८४२ घर परिबारको बिवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको केन्द्रीय सर्भरमा इन्ट्रि भएको छ त्यसैगरी परिस्थिति अनुकुल भएको खण्डमा हामी अन्य रोजगारमुलक कार्यक्रमलाई निरन्तरता दिने प्रकृयामा रहेकाछौं ।

**(ख) सामाजिक क्षेत्र :** नगर क्षेत्रका बिभिन्न वडाका बिद्यालयमा १४ कक्षा कोठा निर्माणाधिन अबस्थामा रहेका छन् । विभिन्न ३ वटा विद्यालयमा सुविधा सम्पन्न शौचालय निर्माणाधिन अवस्थामा छन् । स्थानीय चुनाव पश्चात हाल सम्म जम्मा १३० जना लाई अपांगता परिचय पत्रहरु वितरण गरिएको छ । जसमध्ये क बर्गमा ८, ख बर्गमा ४४ ग बर्गमा ४५ र घ बर्गमा ३३ रहेका छन् । स्वास्थ्य क्षेत्रमा खोप कार्यको निरन्तरता दिईएको छ । २ वटा नगर स्वास्थ्य केन्द्र र २ वटा आधारभूत स्वस्थ्य केन्द्रहरु स्थापना गरि स्वास्थ्य सेवालाई अझ सुलभ र सहज बनाईएको छ ।

यस बर्षमा बिभिन्न शाखाबाट सामाजिक क्षेत्रको काम गर्नका लागि प्रतिकुल परिस्थिति भएका कारण काम गर्ने वाताबरण सहज नरहेको अबस्था बिद्यमान रहेको छ तथापी ठूलो चुनौतिको रुपमा आएको कोभिड नियन्त्रण एवं ब्यबसपनमा नै हामी ब्यस्त रह्यौं यस नगर क्षेत्रका बिभिन्न बिद्यालय, सामुदायिक भवन, सरकारी भवनगरी ४५ स्थानमा क्वारेन्टाइन ब्यबस्थापन गरी २५०० जना मानिसहरु जस्मा ३३६ महिला र २१६४ परुषलाई यातायात, आबास, लत्ताकपडा, विजुली बत्ति, खानेपानी एवं रासन सहितको ब्यबस्था गरेका छौं यसै असार महिनाको नौ गते सम्मको तथ्यांक अनुसार १८७७ जनाको RDT जांच र ३२७ जनाको PCR जांच गराएका छौं जसमध्ये ४५ जनालाई कोरोना Positvie भई कोभिड संक्रमण भएको छ र ती ब्यक्तिबाट परिवार तथा समुदायमा थप संक्रमण नफैलियोस भनेर हामी लागि परेका छौं र सवैको स्वस्थ्य अवस्था सामान्य रहेको छ । यसका साथै संक्रमित ब्यक्तिो शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । कोभिड ब्यबस्थापनको कार्य आफैमा जटिल र चुनौति पूर्ण र खर्चिलो भएको हामीले महसुस गरेका छौं तथापी जनताको जीउधनको रक्षाका लागि सिंगो नगरपालिका लागि परेका छौं र कोरोना परास्त हुनेछ भन्ने बिश्वास सहित सबै नगरबासीलाई सामाजिक दुरी कायम गरी कोरोनालाई परास्त गरीदिनुहोस भन्ने पनि अनुरोध गर्दछौं ।

**(ग) पूर्बाधार बिकास क्षेत्र :** नगरको बिकासमा पूर्बाधार बिकासकालागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । कोरोना महामारीको लकडाउनको कारण हामीले पनि कामलाई सोचे जति गति दिन सकेनौं तथापी यस नगर क्षेत्रमा प्रति २ कोठा सहित विभिन्न सात वटा बिद्यालय भवन, सहकहरु, नगरपालिकामा हाल सम्म ३०० मीटर पक्की सडक, ३० कि.मी. ग्राबेल सडक, १२० कि.मी. कच्चि सडक, गरी जम्मा १५० की.मी. सडक ट्रयाक खोल्ने काम सम्पन्न भएको छ ।

**घ) बाताबरण तथा बिपद् ब्यबस्थापन :** शिखर नगरपालिकालाई वाताबरण मैत्री नगर एबं हरित नगर कायम गरी राख्नु आजको आबस्यकता हो हाम्रो धेरै क्षेत्र प्रकृतिबाट नै संरक्षित छ हरित छ तथापी बस्ति भएका स्थान एबं सडक आसपास र चरन क्षेत्रमा हरियाली हराउन थालेका हुंदा स्वच्छ नगर बनाउनका लागि हामीले बृक्षारोपण एबं सरसफाईलाई बिशेष महत्व दिनु पर्ने अबस्था बिद्यमान रहेको छ । हामीले नगरपालिका कार्यालयबाट हरित नगरको शुभारम्भ गरेका छौं, बृक्षारोपण र संरक्षण कार्यलाई आगाामी दिनमा पनि निरन्तरता दिदै बिस्तार गर्ने छौं । बिश्व महामारीको रुपमा रहेको कोरोनाले हाम्रो नगर पनि अछुतो रहेको छैन र यस बर्षको अन्तिम चौमासिक समय नगरपालिकाको लागि कोभिड नियन्त्रणमा नै गएको छ हाम्रो स्रोत र साधन सवारी साधन, बजेट र जनशक्ति सबै परिचालन गरिएको छ । करिब २५०० जनालाई क्वारेन्टाइनमा ब्यबस्थापन गरिएको छ र कोभिड नियन्त्रणका लागि सब संयन्त्र परिचालन गरिएको छ । मानबीय सहयोगका लागि नगर बस, एम्बुलेन्स, र नगरपालिकाको सवारी साधनलाई परिचालन गरिएको समुदायमा कोभिड नियन्त्रणका लागि मास्क, सेनीटाइजर प्रदान गरिएको छ ।

**(ङ) संस्थागत बिकास, सेवा प्रबाह र सुशासन :** नगरपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ। स्वास्थ्य सेवालाई सुदृढ गर्न कर्मचारी थप गरिएको छ। नगरबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ तथापी धेरै मानिस भिडभाड नगरी कार्य गर्नु पर्ने बर्तमान अबस्थामा सुशासनका धेरै औजारहरुको प्रयाग गर्न नसकेको अबस्था रहेको छ।

**(छ) न्यायिक समिति :** यस नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, अंशबण्डा जस्ता मुद्दा आएका छन् भने आएका सबै मुद्दाको ९० प्रतिशत जति मुद्दाहरु समयमा नै मिलापत्र एबं किनारा हुने समेत जानकारी गर्न चाहान्छु।

**आदरणीय सभाध्यक्षज्यू**

नगरलाई सभ्य, आर्कषक, भ्रष्टाचार अनियमिता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत राजनैतिक दल, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाती बुद्धीजीबी, शिक्षक, समाजसेवी, कर्मचारी, नगर एंव जिल्लाबासी सबैको कर्तव्य हो। बिगतका राम्रा नराम्रा कुराको समीक्षा गदै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण नगरसभाले केही लक्षित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ।

## खण्ड दुई : आर्थिक बर्ष २०७७०७८ को नीति, कार्यक्रम तथा बजेट

**२.१.१. सोच :**

**"सेतीको शुसेली, कृषि पर्यटन र पूर्वाधार"**

**"शिखर नगर विकासको मूल आधार"**

**आगामी आ.ब. २०७७०७८ को नारा**

**"स्वस्थ,सुसंस्कृत र समुन्नत शिखर"**

**"शिक्षा कृषि पर्यटनमा समृद्ध नगर"**

२.१.२. **लक्ष्य : प्राकृतिक साधनस्रोतको प्रभावकारी रुपमा उपयोग गरी आर्थिक रुपले आत्म निर्भर र समुन्नत बनाउनका लागि पर्यटन, शिक्षा एबं कृषिमा जोड दिंदै सम्बृद्ध नगर र खुशी नगरबासी बनाइने छ।**

२.१.३. **उद्देश्य :** (क) गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास,

ख) बालमैत्री, महिला मैत्री र समाबेशी नगरको बिकास,

ग) पूर्ण साक्षर, पुर्णसरसफाई युक्त र बाताबरण मैत्री नगरपालिका निर्माण।

घ) नगरलाई कोभिड-१९ महामारीबाट नियन्त्रित राखि जनजीवन सामान्य राख्ने।

ङ) कृषिमा लगानी गरी रोजगारी सृजना गर्ने।

२.१.४. **अपेक्षित उपलब्धी :** नगरका मुख्य बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ। बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा रहनेछन्, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ। नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ,। कोभिड १९ नियन्त्रणमा रहने छ र कृषि प्रणालीमा सुधार भई रोजगारी सृजना हुनेछ।

## २.३ वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु:

वार्षिक योजना कार्यक्रम तथा वजेट तजुर्मा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्नानुसार छन ।

- ❖ नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- ❖ स्थानीय शासन सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।
- ❖ सँघिय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।
- ❖ राजस्व परामर्स समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।
- ❖ नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- ❖ वडा ,वस्ती स्तररिय योजना संकलन तथा सुझावहरु ।
- ❖ विषयगत कार्यालय/ निकायवाट प्राप्त राय सुझावहरु ।
- ❖ यस शिखर नगरपालिकाको प्रथम आवधिक योजनाले निर्धारण लक्ष नीति तथा प्राथमिकताहरु ।
- ❖ विगत बर्षहरुमा सम्पन्न भएका नगरसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
- ❖ पन्ध्रौ आवधिक योजना (२०७६।०७७ - २०८०।०८१) ले निर्धारण गरेको लक्ष तथा प्राथमिकताहरु ।
- ❖ विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी , विज्ञ , नागरिक अगुवाहरुसँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।
- ❖ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०२।२० पत्र अनुरुपको कोभिड १९ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु ।

## २.४ क्षेत्रगत नीति एवं प्राथमिकताहरु

नव गठित नगरपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै संवैधानिक व्यवस्था अनुरुप सामाजिक सद्भाव, राष्ट्रिय एकता, सांस्कृतिक र धार्मिक सहिष्णुता एवं उदार मुल्यहरुको अभिवृद्धी गरिनुका अतिरिक्त वैज्ञानिक, मानवतावादी र आधुनिक चिन्तनलाई प्रश्रय दिदै प्राकृतिक श्रोत माथि स्थानिय जनताको अक्ष्युण अधिकारको पूर्ण रक्षागरी प्राकृतिक श्रोतमा स्थानिय समुदायको पहुँचको सम्वैधानिक प्रावधान कार्यान्वयनमा जोड दिईनेछ । यसैको जगमा टेकेर समृद्ध शिखर नगरपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अव म यस नगरपालिकाको आगामी वर्षको वार्षिक योजना तथा बजेटका मुख्य मूख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**क) कोभिड- १९ बिशेष नीति**

- भारत तथा अन्य देशबाट नगर क्षेत्रमा आउने ब्यक्तिहरुलाई बन्दाबन्दीको समय सम्मका लागि बोर्डरबाट यस नगरपालिका सम्मका लागि यातायातको ब्यबस्था गर्न नगर बस परिचालन गर्ने तथा आबस्यकता अनुसार बाहिरबाट पनि सवारी साधन भाडामा लिनका लागि रकम बिनियोजन गरिनेछ ।
- हरेक वडामा आवश्यकता अनुसारको क्वारेन्टाइन नगरपालिका भित्र कम्तीमा ५० बेड क्षमता भएको आइसोलेसन कक्ष तयार गरिने छ उक्त कार्यका लागि संघ, प्रदेश सरकार लगायत अन्य निकायहरु संग समन्वय बढाइने छ

- कार्यालय हाता तथा सवारी साधन, फर्निचर आदिमा बिशेष सरसफाई तथा सेनिटाइजेसन गरिने छ, पदाधीकारी तथा  कर्मचारीहरुको लागि आबस्यक पर्ने मास्क, सेनिटाइजर, स्वास्थ्यकर्मीका लागि आबस्यक स्वास्थ्य सुरक्षा सामाग्रीहरु, विरामीहरुको लागि आबस्यक औषधीहरुको ब्यवस्थापन गरिनेछ ।
- क्वारेन्टाइन तथा आइसोलेसनमा रहने ब्यक्तिहरु, अन्य बन्दाबन्दीको अबस्था दोहरिएमा दैनिक ज्यालादारीमा गुजारा गर्ने ब्यक्तिहरु, अपांग, असहाय जेष्ठ नागरिक तथा अति बिपन्न भएका ब्यक्तिहरुलाई मापदण्ड बनाई रातह प्रदान गर्नको लागि रकम बिनियोजन गरिने छ ।
- कोभिड १९ को रोकथाम नियन्त्रण गर्नका लागि प्रत्येक वडाका सबै टोलहरुमा जनचेतना जगाउन निर्वाचित जनप्रतिनिधिहरु,  स्वास्थ्यकर्मीहरु,  महिला स्वस्थ्य स्वयं सेविका, यूवा स्वयंसेवकहरु परिचालन गरिनेछ ।
- क्वारेन्टाईनमा बसेका ब्यक्तिहरुलाई कुनै पनि विरामीको लक्षण देखिएमा औषधि उपचार गर्नका  लागि अस्पताल सम्म पुर्‍याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।
- कोभिड १९ पुष्टि भएका ब्यक्तिहरुको निःशुल्क औषधि उपचारको ब्यवस्था गर्न पहल गरिनेछ ।
- कोभिड १९ जस्ता अन्य महामारीजन्य सरुवा रोगहरुको उपचार तथा ब्यवस्थापनका निमित्त छुट्टै कोषको स्थापना गरिनेछ ।
- नगरकार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा सामाजिक दुरी कायम गरी सेवा प्रबाह गर्न आबस्यक सूचना प्रबाह गरिनेछ ।
- कोभिड १९ ले सृजना गरेका विभिन्न क्षेत्रहरुलाई सम्बोधन गर्न यस नगरपालिकाले सक्दो प्रयास गर्नेछ । साथै नगरपालिकामा  कृयाशिल संघ संस्थाहरुलाई यस कार्यमा सहयोग गर्न अपिल गर्नेछ ।

- दुई तीन महिना पश्चात पनि कोभिड १९ को नियन्त्रण नभएको खण्डमा बिद्यालयको पढाईलाई सम्भब भए सम्म बैकल्पिक शिक्षणका माध्यमबाट अध्यापन गराउन बजेट बिनियोजन गरिनेछ ।

## ख) कृषि तथा पशुपालन सम्बन्धी नीति :

- वैदेशिक रोजगारीलाई कम गर्न कृषि पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा  विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कोभिड १९ को संक्रमण प्रभावबाट स्वदेश एवं विदेशबाट रोजगारी गुमाएका नागरिकहरुलाई लक्षित गरि कृषि तथा पशु पंछी विकास कार्याक्रम मार्फत स्वरोजगारमा जोड दिईनेछ ।
- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाास, गोठ, खोर निर्माणमा  विषेश सहुलियत दिने व्यवस्था मिलाईनेछ ।
- सबै खाली जमिनलाई खेर जान नदिन कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन  खेती  प्रणालीका माध्ययमबाट कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।
- कृषिलाई व्यवसायिकरण गर्नको लागि नर्सरीको स्थापना गरिनुका साथै टनेल  तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तार गरिने छ ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र  प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईने छ ।

- कृषकले लागतको आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रबन्ध मिलाईनेछ ।
- सावजनिक वन क्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- कृषकहरुलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराईने छ ।
- प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक गाउालाई प्राविधिक तालिम उपलब्ध गराई एक गााउ एक उत्पादन कार्यक्रमलाई प्रथमिकता दिई कार्यक्रम अगाडी बढाईनेछ ।
- जमिनको उत्पादकत्व र भूमिको प्रकारको आधारमा विभिन्न वडाहरुमा कृषि पकेट क्षेत्रका कार्यक्रमहरु संचालन गरीने छ ।
- नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलीयतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैक तथा वित्तिय संस्थाद्धारा ऋण उपलब्ध गराईने छ ।
- दातृ निकायको सहयोगमा कोष खडा गरी सस्तो व्याजदरमा नगरपालिकाले उद्यमीहरुलाई ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा कार्यक्रम संचालन गरिने छ ।
- कृषि ज्ञान तथा प्रविधि हस्तान्तरणमा जोड दिईने छ ।
- स्थानीय प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि स्थानीयबीउ संरक्षण र विकास गर्ने गरी बीउ वैकको स्थापना गर्ने नीति अवलम्वन गरिने छ ।
- कृषि तथा पशु पंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।
- पशु वधशाला तथा आधुनिक प्रविधि युक्त Portable शित भण्डारको निर्माण तर्फ जोड दिईने छ ।
- कृषिको उत्पादकत्व बृद्धिका लागि अनुदानमा कृषि औजार तथा सामग्रीको व्यापक रुपमावितरणको नीति अवलम्वन गरिने छ
- ओखर, लिची, सुन्तला, तथा कागतीको पकेट क्षेत्र विस्तार गरिने छ ।
- स्वदेशी तथा वैदेशिक संघ संस्था तथा निकाय संग संघिय कानुन अनुसार अनुदान, ऋण, तथा सहयोग प्राप्त गरी कृषि तथा पशु विकास कार्यक्रम संचालन गरिनेछ ।
- कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।
- स्थानीय सम्भाव्यता, तुलानात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप, विकासहरु र उपयुक्त कृषि प्रविधि मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण, नमुना कार्यक्रम कार्यान्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ ।

- सडक र बजारमा कृषकहरुको पहुँचलाई सर्वशुलभ एवं प्रभावकारी वनाउनकालागी नगरपालिकाको उपयुक्त ठाउँमा कृषि/पशु हाटवजार तथा संकलन केन्द्र स्थापना गरी कृषि वजारलाई व्यवस्थित वनाउदै लगिनेछ ।
- सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरू निर्धारण गरी एक **गाउँ एक उत्पादन** कार्यक्रम अनुसार खाद्यान्न, तरकारी, दुग्ध, फलफूल, नगदेवाली, च्याउ, र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिइनेछ ।
- नगरपालिकाका, विषयगत कार्यालयहरू, परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने संघ-संस्था एवं अन्य निकायहरूको समन्वय र सहकार्यमा केही वडाका केही क्षेत्र पहिचान गरी अर्गानिक खेती गर्न प्रोत्साहन गरिनेछ । शिखर नगरपालिकालाई आर्गानिक खेती उन्मुख नगरपालिकाको रूपमा विकास गरिनेछ ।
- खेतीयोग्य जमिनको माटो परिक्षण कार्यलाई निरन्तरता दिई कृषी व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
- पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत शिखर नगरपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दुग्धका लागि आत्मनिर्भरता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ । साथै व्यवसायिक पशु पालन गर्ने किसानहरुलाई विषेश अनुदानको ब्यवस्था गरिनेछ ।
- कृषि तथा पशुपालन तर्फ कृषिजन्य उद्योग स्थापनाको लागि विशेष सहयोग गरिनेछ ।
- डा.के.आई.सिंह राजमार्गको क्षेत्रलाई आप तथा लिचीको पकेट क्षेत्रको रुपमा क्रमशः विकसित गर्दै लगिनेछ ।

## ग.१) शिक्षा तथा खेलकुद सम्बन्धी नीति :

- क्वारेन्टाईन राखिएका विद्यालयको अवस्था दयनीय भएकोले ती विद्यालयलाई प्रबलीकरण तथा सेनीटाईजेशन गरी “सरसफाई युक्त र हरियाली विद्यालय कार्यक्रम” सञ्चालन गरिनेछ ।
- नगरका धेरै विद्यालयमा शिक्षक दरबन्दी नरहेको र विद्यार्थी संख्या एकदमै न्युन रहेको र समायोजन गरे वाफत संघ सरकारले पनि प्रति विद्यालय रु २० लाख देखि ६० लाख सम्म अनुदान दिने भएकाले सामायोजन गर्न आवश्यक विद्यालयहरुलाई समायोजन तथा एकीकरण गरिनेछ । साथै समुदायम आधारित बालविकास केन्द्रहरुलाई पायक पर्ने विद्यालयमा समायोजन गरिनेछ ।
- नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन कार्य अगाडि बढाइनेछ । र शिक्षक दरबन्दी अति न्युन रहेको विद्यालयलाई नगरपालिकाबाट शिक्षक व्यवस्थापन गरिनेछ ।
- विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने उद्देश्यले सघन रुपमा भर्ना अभियान चलाइनेछ र विद्यालय भर्ना भै सकेका बालबालिकालाई पुरै समय विद्यालयमा टिकाउन “अभिभावक सचेतना तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रम” सञ्चालन गरिनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ । र अनुगमनका आधारमा विद्यालयलाई शिक्षण सिकाई सामाग्री अनुदान र अन्य अनुदान प्रदान गरिनेछ ।
- एक माध्यमिक र एक आधारभूत गरी दुई विद्यालयलाई नमूना विद्यालय बनाई नगर भित्रै अन्तर विद्यालय शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगरपालिकाको परिवेशअनुसारको स्थानीय पाठ्यक्रम निमार्ण गरी लागू गरिनेछ । र विद्यालयलाई प्रविधिकरण गर्न पहल गरिनेछ ।

- आधारभूत तह कक्षा ८ को र अन्य कक्षाहरुको वार्षिक परीक्षालाई व्यवस्थित बनाउन आफ्नै Software निमार्ण गरी लागु गरिनेछ ।
- नगर शिक्षा ऐन, नियम तथा कार्यविधि निमार्ण गरी कार्यान्वयन गरिनेछ । नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सक्रिय बनाइनेछ ।
- शैक्षिक गुणस्तर उकास्न प्रत्यक्ष रुपमा सरोकार राख्ने व्यक्ति विद्यालय प्र.अ. र शिक्षक भएकाले प्र.अ. बैठक तथा कार्यशाला निरन्तर गरिनेछ र शिक्षकको पेशागत विकासका लागि तालिमको व्यवस्था, विषयगत संगठन तयार, अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चाल नगरिनेछ ।
- मापदण्डका आधारमा एक जना प्र.अ. र एक जना शिक्षकलाई नगर प्र.अ. र नगर शिक्षक घोषण गरी पुरष्कार प्रदान गरिनेछ । कक्षा ८ को नगरस्तरीय परीक्षामा सर्वोतकृष्ठ नतिजाल्याउने विद्यार्थीलाई "The Mayor Prize" बाट सम्मानित गरिनुका साथसाथै माथिल्लो एक कक्षा अध्ययन गर्न सहुलियत प्रदान गरिनेछ ।
- बालबालिकाको सर्वाङ्गिण विकासकालागि बालबालिका प्रतिभा पहिचान कार्यक्रम र बालबालिका तथा विद्यालयसंग नगर प्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने एक जना विद्यालय कर्मचारी, पाँच जना बालबिकास सहजकर्ता र चार जना कार्यालय सहयोगीलाई प्रोत्साहान प्रदान गरिनेछ ।
- नगरका शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउन वार्षिक शैक्षिक योजना निमार्ण र वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गरी लागु गरिनेछ ।
- नगर भित्रका सामुदायिक सिकाई केन्द्रहरुलाई प्रभावकारी बनाइनेछ र साक्षर नगरपालिका घोषणा गर्ने कार्यक्रम अगाडी बढाईनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयलाई Leader स्कूल हुने गरि वरिपरीका अन्य विद्यालयहरुलाई Feeder स्कूलको रुपमा केही अनुगमन तथा रिर्पोटिङ्गको संयन्त्र तयार गर्ने गरि Leader र Feeder School को अवधारणा शुरुवात गरिनेछ ।
- विद्यालयमा शिक्षक डायरीको अनिवार्य ब्यवस्था गरिनेछ ।
- नगर भित्रका कुनै एक माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा र नगरपालिकाको पायक पर्ने स्थानमा एक बहुमूखि क्याम्पसको स्थापनाको लागि पहल गरिनेछ ।
- नगर भित्रका विद्यालयहरुका राम्रा प्रयासहरुको डकुमेन्टऋी तयार गरि प्रचार प्रसार गरिनेछ ।
- विद्यालय स्तरीय र अन्तर विद्यालय स्तरीय अतिरक्त त्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ् शिल्डलाई भव्यताका साथ सञ्चालन गरिनेछ ।
- प्राविधिक शिक्षा अध्ययनका लागि छात्राहरुलाई उचित छात्रवृति प्रदान गरिनेछ ।

## ग.२) युवा तथा खेलकूद नीति

- नगर क्षेत्रमा रंगशाला स्थापनाको लागि आवश्यक गृहकार्य गरिनेछ । एक वडा एक खेलकुद स्थल निर्माणका लागि कार्यक्रम बनाईनेछ ।
- नगरपालिकामा कभर्ड हलको निर्माणको लागि पहल गरिने छ ।
- प्रत्येक वडामा एक ब्यवस्थित खेल मैदान स्थापना गरिने छ ।
- मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिने छ ।
- नगरपालिका स्तरीय भलिवल, फुटवल र विद्यालय स्तरीय खेदकुद संचालन गरीनेछ ।

- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ ।
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिलावालबालिका, जेष्ठ नागरिक र फरक क्षमता मैत्री बनाइनेछ ।

## घ) भौतिक पूर्वाधार सम्बन्धी नीति :

- कोभिड १९ पश्चात रहने उच्च बेरोजगारितालाई सम्बोधन र रोजगारी सृजना गराउन जनशक्तीको बर्गिकरण गरि आवश्यक सिप दिई दक्ष र अदक्ष जनशक्तीलाई भौतिक पूर्वाधार निर्माण कार्यमा प्रयोग गरिनेछ ।
- नगरका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरिनेछ । चालु आ.ब.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयां आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।
- यस नगरपालिकाका अधिकांश बस्तीहरुमा सडक संजालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि सिंगल कटिङ्ग रोडलाई डबल कटिङ्ग र डबल कटिङ्ग रोडलाई नाली सहितको ग्राभेल र ग्राभेल सडकलाई पक्की नाली सहित कालोपत्रे सडकमा स्तरोन्नती गरिनेछ ।
- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी नगर यातायातगुरुयोजना( MTMP) निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- नगरबासीहरुलाई सहज, सुलभ, र सुरक्षित यात्रा गर्नका लागि नगरका मुख्य मुख्य ठाउहरुमा बस स्टेण्ड यात्रु प्रतिक्षालय आदी क्रमशः निर्माण गर्ने नीति लिईनेछ ।
- नगरपालिकाका मुख्य सडक र वस्तीहरुमा सौर्यवतीको व्यवस्था गर्न पहल गरिनेछ ।
- नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन निर्माण संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्वन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र सहरी विकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि वढाईनेछ ।
- नगरपालिकालाई योजनावद्ध ढंगले विकास गर्न भु-उपयोग नीति निर्माण गरी कृषी उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र , हरियाली क्षेत्र, खुला क्षेत्र, धार्मिक क्षेत्र, वजार क्षेत्र, औद्योगिक क्षेत्र समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धारण गर्ने र हरित शहर (Green City ) को अवधारणालाई शुरु गराउन पहल गरिनेछ ।
- नगरपालिकाको आन्तरिक श्रोत आय बृद्धिमा समेत सहयोग पुग्ने खालको पर्यटन प्रर्वधन गर्न नगरपालिका क्षेत्र भएर बग्ने सेतीनदीमा र्‍याफ्टिङ्ग संचालन गर्नुका अतिरिक्त र्‍याफ्टिङ्ग रिसोर्ट र Swimming पूल सहितको बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- “आवश्यकता र प्रतिफल” भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- सेतीनदीको वरिपरिको भागमा कृषि उपजहरु उत्पादनका लागि सिंचाइ सुविधा पुर्‍याउन लिफ्ट सिंचाइ योजना निर्माण गर्नका लागि सम्भाब्यता अध्ययन गरि लिफ्ट सिंचाई योजना निर्माणमा विषेश जोड दिईनेछ ।

- विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र ब्यवस्थापनको लागि नगर मर्मत सम्भार कोष संचालन गरिनेछ र बास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ ।
- आर्थिक निर्भरता र राजश्व संकलन नै भौतिक पूर्वाधार विकास निर्माणको आधार भएकोले आर्थिक आत्म निर्भरताको लागि राजश्व संकलन हुने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- विगतमा निर्माण गरिएका योजनाहरुको दिगोपना र क्षमता अभिबृद्धि कार्यलाई मध्य नजर गरि उक्त योजनाहरुलाई स्व संचालित बनाउन आवश्यक पहल गरिनेछ ।
- नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा फरफारक गर्दा Pre-project र post project photo को नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र नक्सापाश नगरी वनाएका घरहरुको नक्सापासको प्रक्रिया अगाडि वढाई अभिलेखिकरण गरी नियमित गरिने छ । साथै नक्सापासको प्रकृयालाई अझै प्रभावकारी बनाई लागु गरिनेछ ।

## ङ) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :

- संविधानमा मौलिक हकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुचमा पुग्नेगरी प्रवाभकारी रुपमा उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलव्ध गराईनेछ र गुणस्तरिय तथा स्वास्थ्य बर्धक खाद्य पदार्थको प्रर्वद्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै यस नगरपालिकालाई पोषण युक्त नगरपालिका बनाउने कार्य अगाडी बढाउन ***म स्वस्थ मेरो नगरपालिका स्वस्थ*** भन्ने अवधारणा कार्यान्वयन गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रभित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य शिविर मधुमेह, उच्च रक्तचाप, मृगौला, क्यान्सर, मुटु रोग, आङखस्ने समस्या जस्ताहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ ।
- नेपाल भित्र रहेका काठमाण्डौं मेडिकल कलेज लगायतका संस्थाहरुसंगको समन्वयमा नगरका बासिन्दाको आबस्यकता अनुसार बिरामीहरुले उपचारको लागि बिशेषज्ञ डाक्टरको सेवा लिनका लागि साप्ताहिक रुपले भिडियो स्वास्थ्य सेवा **Online clinic** सञ्चालन गर्नका लागि बजेट बिनियोजन सहितको कार्यक्रम स्विकृत गरिनेछ ।
- स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्न प्राविधिक जनशक्तिको क्षमता विकासका साथै स्वास्थ्य संस्थाहरुको स्तरोन्नतीका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने तथा स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय बनाईनेछ।
- नेपाल नेत्रज्योती संघ संग समन्वय गरी यस नगरक्षेत्रमा आंखा उपचार केन्द्र स्थापना र सञ्चालनकालगि आबस्यक गृहकार्य गरिने छ ।
- नगरपालिका भित्र कम्तीमा १५ शैया सम्मको नगर अस्पताल निमार्णको लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाका शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वस्थ्य सेवा केन्द्रहरुमा बर्थिङ्ग सेन्टर स्थापना गरिर पूर्ण सँस्थागत सुत्केरी हुने नगरपालिकाको रुपमा स्थापित गरिनेछ ।

- प्रत्येक बालवालिकाहरुले पूर्ण खोप पाउनु उनीहरुको नैसर्गिक अधिकार हो भन्दै जन्मे देखि २३ महिना सम्मका बालवालिकाहरुलाई पूर्ण रुपमा गुणस्तरिय खोप सेवा संचालन गर्नका खोपकेन्द्रहरुको भौतिक अवस्था क्रमिक रुपमा सुधार गर्दै लगिनेछ ।
- यस नगर क्षेत्रमा हुन सक्ने दैवी प्रकोप तथा महामारीको समयमै ब्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरि सोको व्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वमसेवीकाहरुको मनोवल उच्च हुने खालका प्रोत्साहन मूलक  कार्यक्रमहरु संचालन गरिनेछन  र निजहरुलाई कोभिड सम्बन्धी तालिम प्रदान गरी रोकथामका लागि परिचालन गरिनेछ ।
- आयुर्वेद चिकित्साको संस्थागत विकासका लागि औषधीजन्य जडीबुटी खेती प्रवर्द्धन तथा प्रसोधनका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनुका साथै रोग प्रतिरोधात्मक कार्यक्रम संचालन गरिनेछ ।
- १००० दिनका बालबालिका, सुत्केरी तथा गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ  साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- यस नगर भित्र स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरुको चुस्त दुरुस्त अभिलेख राखि माथिल्लो निकायमा प्रतिवेदन पठाउने प्रणालीको विकास गर्न प्रत्येक स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई क्षमता विकास गराई सोको ब्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्रमा **स्वास्थ्य वीमा कार्यक्रमलाई** वढी प्रभावकारी र आम जनतासम्म पुऱ्याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ ।
- **"स्वस्थ शरिर स्वस्थ दिमाग"** भन्ने नारालाई ध्यानमा राखी २१ वर्ष मुनिका वालवालिकालाई धुम्रपान,मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न प्रेरणादायी शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गरी निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति, जडिबुटी तथा वन औषधीको सम्भावना पहिचान गरी त्यस्ता जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।
- **स्वच्छ पानी स्वस्थ्य जिन्दगानी** को अबधारणालाई संस्थागत गर्नका नगरपालिकाका सवै क्षेत्रमा स्वस्थ्य स्वच्छ पानीको व्यवस्थापन र पानी खानेपानी सरसफाईको क्षेत्रमा कार्य गर्ने दातृ संस्था एबं गैर सरकारी संस्था संग समन्वय बढाई नगरपालिकाबाट पनि उक्त कार्यको शुरुवात गरिनेछ ।
- **एक घर एक शौचलयको अवधारणालाई** कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गरिनेछ ।
- शिखर नगरपालिकालाई स्वच्छ नगरपालिकाको रूपमा  स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीति अनुसार सार्वजनिक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गरिनेछ ।

- कुहिने फोहोरलाई प्रयोग गरी गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैँचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- वजार क्षेत्र र सार्वजनिक स्थलमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र मर्मत सम्भार तथा संञ्चालनको उचित व्यवस्था मिलाईनेछ ।

**च) सुशासन /सेवा प्रवाह सम्बन्धी नीति :**

- नगरपालिकावाट उपलब्ध गराईने सार्वजनिक सेवाहरुको स्पष्ट हुनेगरी नागरिक वडापत्र , हेल्प डेस्क, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी तोकी दैनिक सेवा प्रवाहलाई सहज र सरल वनाईनेछ ।
- नगरपालिकाको वेव साईडमा नगरपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुर्‍याईनेछ साथै नगरपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।
- भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वयन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजनाहरुलाई Digitize Model मा लगिनेछ ।
- निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुकालागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।
- वडाहरुमा बजेट विनियोजन गर्दा वैज्ञानिक मापदण्डका आधारमा भुगोल र जनसंख्यालाई आधार बनाई बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिका अर्न्तरगत रहेका कर्मचारीहरुको कर्मचारी कल्याणकोष परिचालन कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु का साथै **मानव शंसाधन विकास कोष, विपद व्यवस्थापन कोष, महिला वालवालिका संरक्षरण कोष, वातावरण संरक्षण कोष** लगायत विषेश कोषहरु स्थापना गरी कार्यविधि वनाई क्रमशः कार्यान्वयनमा लगिनेछ ।
- जेष्ठ नागरिक, दलित, विधवा महिला, एकल महिला, दलित वालवालिका, पूर्णअशक्त अपाङ्ग, आशिंक अशक्त अपाङ्ग र लोपोन्मुख आदिवासी जनजातीलाई प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भता वितरण कार्य क्रमशः वैकिङ प्रणाली मार्फत गरिनेछ र व्यक्तिगत घटना दर्ता कार्य Online System मा गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन नगरपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै सामाजिक परिक्षणलाई निरन्तरता साथ साथै योजना सूचना पाटीलाई व्यवस्थित गदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।
- नगरपालिकावाट संञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आ.व.को वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्वल गरिने छ ।
- पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।

## छ) वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति :

- नगरभित्र रहेका सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षण गरिनेछ । त्यस्ता सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी Green City विकास गर्ने नीति लिई आम्दानिको श्रोत व्यवस्थापनामा सहयोग पुग्नेगरी जडीवुडी फलफुल लगायतका उपयुक्त उत्पादनको उचित व्यवस्थापनका साथै **उद्यान-पार्क निर्माण ,वालउद्यान निर्माण** तथा व्यवस्थापन गर्नकालागि आवश्यक स्थानको पहिचान गरी योजना सहित अघी वढाईनेछ ।
- एक व्यक्ति एक विरुवा कार्यक्रम संचालन गर्न प्रत्येक टोलमा समिति गठन गरि परिचालन गरिनेछ ।
- पुन:विकीरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले नगरपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ ।
- नगरपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वनको अवधारणा प्रोत्साहन गरिनेछ ।
- तेलेलेक संरक्षण एवं सम्बर्धन गर्दै संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (**Biodiversity hot Spot)** को पहिचान तथा संरक्षण, जैविक विविधता लगायत शिखर क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने कार्य अगाडी बढाईनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजाने तथा तेले लेकको संरक्षण गर्दै सरोकारवालहरूको ध्यानाकर्षण गराइने छ । **रेड प्लस कार्वन सञ्चितबाट** यो नगरपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र नगरपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ ।
- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि शिखर नगरपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिने छ । नगरपालिका कार्यक्षेत्र भएका सबै गैर सरकारी संस्थाहरूको तर्फबाट कारोबारको आधारमा कम्तीमा ०.१ प्रतिशत सहभागीता सुनिश्चित गरिनेछ र नगरपालिकाले कम्तिमा ५ लाख जम्मा गर्नेछ । उक्त कोषमा रहेको रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियमावली तयार गरी सोही अनुसार खर्च गरिनेछ ।
- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।
- सेती नदीमा तटवन्धनका लागि गुरुयोजना वनाई लागु गरिनेछ ।

**ज) महिला ,बालबालिकातथा जेष्ठ नागरिक सम्बन्धी नीति :**

- विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सुनिश्चितता कायम गर्दे लैगिंक सशक्तिकरण तथा सामाजिक समावेसीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लैगिंक हिंसा, मानव वेचविखन, वालविवाह, वहु विवाह तथा छाउपडी कुप्रथा जस्ता सामाजिक विकृति तथा अपराध जन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्ने नीति लिइनेछ ।
- बालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्वयमा बालश्रम मुक्त शिखर नगरपालिका बनाउने नीति लिइनेछ ।
- बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा अनाथ र असाहय बालबालकिको संरक्षण सर्म्बधन गर्ने नीति लिइनेछ ।
- समान कामको लागि समान ज्यालाको नीतिलाई कडाईका साथ लागु गरिनेछ ।
- विकास निर्माण कार्यमा उपभोक्ता समितिमा ५० प्रतिशत महिलाको अनिवार्य सहभागिता गराईनेछ ।
- नगरका किशोरीहरुका लागि आत्म सुरक्षा तालिमको ब्यवस्था गरिनेछ ।
- एकल महिलाहरुको आत्म सम्मान गर्ने आर्थिक विकास तथा स्वाबलम्बन कार्यक्रम संचालन गरिनेछ ।
- महिला हिंसा निवारण कोष स्थापना गरिनेछ ।

**झ) दलित, अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीति :**

- जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त शिखर नगरपालिका निर्माण गर्ने नीति लिइनेछ ।
- गरिव, पिछडिएका वर्ग, द्वन्द्ध पिडित, मुक्त हलिया, जेष्ठ नागरिक, अनाथ लगायत आदीबासी जनजाती, दलित र अपाङ्गगता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षीत वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क (संख्या, सिप, क्षमता) संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माणका लागि पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरूको सम्मानपुर्ण र व्यवस्थित गास वास र कपासको व्यवस्था सुनिश्चितता गर्दै नगरपालिका क्षेत्रमा बृद्धवृद्धा आरोग्य केन्द स्थापना गर्ने नीति लिइने छ ।
- यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुले मनाउदै आएका गौरा, होरी, पुतला, भुवा, आदी चाड पर्व, धर्म संस्कृती लगायत मठ मन्दिर , सत्संग भवन  संरक्षण र संर्म्वधन मा जोड दिईनेछ ।

**ञ) लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति :**

- सामाजिक रूपान्तरण मार्फत गरिबी न्युनीकरणलाई सहयोग पुर्‍याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिबृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूका पहुँच अभिबृद्धि गर्नका लीग संचालित सामाजिक परिचालन कार्यक्रमहरूलाई अझ शसक्त र प्रभावकारी

बनाउन आश्यकता अनुसार वडा, वस्ती स्तरमा विभिन्न समितिहरू गठन गर्दै लगिने र घुम्ती कोषको स्थापना गर्ने नीति लिइनेछ ।

- विभिन्न सामाजिक अभियान तथा सामाजिक सदभाव कायम गर्ने कार्यक्रमका साथै बिकृती, कुप्रथा तथा कुसस्कार न्यूनीकरणका लागि समाजिक अगुवा, धामी, तथा पण्डित पुरोहितको सहभागिता अभिबृद्धि हुने खालका कार्यक्रम संचालनका लागि बजेट, तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- स्थानीय समुदायमा अधिकार प्रति सचेत र कर्तव्य प्रति जागरुक हुने खालका कार्यक्रमहरु संचालन आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- महिलाबर्गलाई सरकारी सेवामा उनीहरुको सहभागिता अभिबृद्धिकालागि लोकसेवा आयोग परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- जग्गा नभएका सडक किनारामा रहेका बादी समुदायलाई घरवासकोलागि जग्गा खरीद गरी उनीहरुको घर बनाउनकालागि जनता आवस कार्यकम संग समन्वय गरिनेछ ।
- नगर क्षेत्रमा रहेका बिपन्न एकल महिलाहरुकालागि नगर स्तरीय सीप तथा क्षमता एबं आर्थिक बिकासका कार्यकम सञ्चालन गर्ने र **नगर स्तरको एकल महिला छाता समुह** निर्माण गरी उनीहरुको आर्थिक एबं सामाजिक बिकासमा ध्यान दिईनेछ ।

## ट) विद्युत/उर्जा सम्बन्धी नीति :

- विद्युत लाइन विस्तार नभएका वडा ,वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ र विद्युत लाईन पुगेका स्थानमा गुणस्तरिय विद्युत सेवासञ्चालन गराउन प्रयास गरिनेछ ।
- स्थानीय स्तरको बस्ती र घरेलु उद्योग संचालनको लागि नगरपालिका भित्रको खोलाहरुबाट साना जलविद्युत उत्पादन गर्नका लागि सम्भाब्यता अध्ययन गरि निर्माण कार्यलाई जोड दिईनेछ ।
- विपन्न तथा गरिव परिवारहरुलाई निःशुल्क विद्युत मिटर उपलब्ध गराईनेछ

## ठ) पर्यटन विकास सम्बन्धी नीति :

- पर्यटन क्षेत्रमा कोभिड १९ ले पारेको प्रभावको अध्ययन गरि पुर्न उत्थान लगायत दिगो पर्यटनका कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- शिखर नगरपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट खोल्न नीजी- सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरूको प्राकृतिक सौन्दर्यतामा खलल पुऱ्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- धार्मिक तथा पर्यटकिय क्षेत्रको उजागर गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- सेती नदीमा शाहसिक पर्यटन ब्यवसाय प्रर्वधन गर्नका लागि र्‍याफ्टीङ्ग तथा जलयात्रा संचालन गर्नका लगि नीजि क्षेत्र सँग सहकार्य गरी अगाडी बढाईनेछ ।
- शिखर क्षेत्र, केदारेश्वर, गहनान एवं भागेश्वर क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ साथै यस क्षेत्रलाई राष्ट्रियस्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गरिनेछ ।
- नगरको दृश्यावलोकनका लागि देश्यावलोकन स्थल (View Tower) को सम्भाब्यता अध्ययन गरि निर्माण कार्य थालनीका लागि आवश्यक पहल गरिनेछ ।

## ड) राजस्व, तथा सहकारी नीति :

करका दायरामा वृद्धी गरिनुका अतिरिक्त नगरपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको आन्तरिक श्रोत वृद्धीगर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

- आन्तरिक राजस्व वृद्धीका लागि व्यवसायकरमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी वढाईनेछ ।
- नगरक्षेत्र भित्र संञ्चालनमा रहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन कर जागरण कार्यक्रम सञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- रोजगारी र उत्पादन बृद्धिका लागि एक सहकारी एक बस्तु उत्पादन कार्यलाई प्रोत्साहन दिईनेछ ।
- उत्पादन तथा रोजगारी सृजना गर्ने सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।
- नगर स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धीकार्यक्रम संचालन गरिने छ ।
- सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, साधान सीप र पूजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।
- नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिबेदन प्रणाली ब्यबस्थित गर्ने लगायत संस्थाहको अनुगमन सुपरीबेक्षण गर्ने कार्य गरिने छ र सोका लागि आबस्यक कार्यक्रम एबं बजेट ब्यबस्था गरिनेछ ।
- प्रत्येक घरमा कम्तीमा "एक घर एक रोजगार" सिर्जना गर्न गाउगाउमा सहकारी घरघरमा रोजगारी कार्यक्रमलागु गरिने छ
- आन्तरिक श्रोत पहिचानको लागि नगरपालिकाका सम्भावित खनिज खानीहरुको अध्ययन गरी उत्खननका लागि पहल गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमन र ब्यवस्थापन गर्नका साथै बैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघ सँग ब्यवसायिक किसानहको वित्तिय सेवा प्रवाहमा पहँच बढाउन प्रयास गरिनेछ
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधीक गरिदै लगिनेछ ।
- संवैधानिक व्यवस्था अनुसार **सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति** कार्यान्वयन गर्दै समृद्ध शिखर नगरपालिका निर्माणका लागि लगानी मैत्री नगरपालिका बनाउन पहल गरिनेछ ।

**ढ) श्रम तथा रोजगारः एबं सहकारी**

- कोभिड १९ को कारणले हाल भारत लगायत अन्य देशबाट नगर क्षेत्रमा प्रबेश गरेका युवाहरुको तथ्यांक लिई उनीहरुको सीपको आधारमा नगर तथा वडा स्तरीय आयोजनाहरुमा श्रम सहभागिता गराई रोजगारी सृजना गरी निजहरुलाई क्षमताको आधारमा काममा समाबेश गराई रोजगार तर्फ आकर्षित गरिने छ ।
- रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस नगरमा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा

रहेका बीच सम्पर्क स्थापित गरी यस नगर क्षेत्रमा हुने बिकास निर्माणका कार्यहरुमा सम्भब भए सम्म नगर क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्र संग पनि आबस्यक समन्वय र सहकार्य गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट यूवा तथा बेरोजगारहरुलाई विकास निर्माणका काममा लगाई न्यूनतम रोजगारीको ग्यारेन्टी गरिनेछ ।

**ढ) सूचना तथा संचार नीति :**

- शिखर नगरपालिकाले आफै वा साझेदारीमा सामुदायिक एफ.एम. रेडियो, र अनलाईन मिडिया, बुलेटिन, म्यागजिन पोष्टर ब्रोसर आदि प्रकाशन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाको कार्यलय भवन, सबै वडा कार्यालयहरु, स्वस्थ्य केन्द्र एवं विद्यालयहरुमा टेलिफोन एवं ईन्टरनेट सेवा पुर्‍याउनका लगि पहल गरिनेछ ।
- शिखर नगरपालिकामा सूचना केन्द्र स्थापना गरिनेछ । साथै उक्त केन्द्रलाई ई-लाईब्रेरीको रुपमा विकसित गर्दै लगिनेछ ।
- यस नगरपालिकाको वडा नं. ६ स्थित कार्यालय प्रवेश क्षेत्रलाई उद्यान पार्कको रुपमा स्थापित गरी उक्त क्षेत्रलाई Free WiFi Zone बनाईनेछ ।
- नगरका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुँच पुर्‍याईनेछ ।
- मिडिया तथा संचारकर्मीहरुका लागि विभिन्न किसिमका प्रर्वधनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

**ण) अन्य बिबिध नीतिहरु :**

- नगरकार्यपालिकाका कर्मचारी, पदाधीकारीहरु, राजनैतिक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा नगरपालिकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यकोलागि **अमेरिकी सहयोग नियोग (US-AID) युनिसेफ,** नगर बिकास कोष, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघसंस्था सहित सरोकारवालाहरुसंग समन्वय बढाइनेछ ।
- यस नगरपालिकाको नगर पार्श्वचित्र (Municipal Profile), आबधिक योजना तथा मध्येकालिन खर्च संरचना, राजश्व सुधार योजना, स्थानीय सरकारको संस्थागत स्वमूल्यांकन (Local Government Institutional Self Assessment-LISA), नगर क्षमता बिकास योजना ( Municipal Capacity Development Plan), डिजिटल बोर्ड, प्रबिधिमैत्री (It Friendly) बैठक कक्ष, बिपद् ब्यबस्थापन कोष सञ्चालन कार्यबिधि लगायतका अन्य दस्ताबेज बनाउनका लागि US-AID संग सहकार्य गरिने छ ।
- शिखर नगरपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई एक द्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न नगरपालिकाले विशेष संयन्त्र बनाई सम्पर्क ब्यक्ति तोकिनेछ ।
- यस नगरक्षेत्रमा मुख्य कार्यालय रहेका सामुदायिक बिकास केन्द्र (CDC) ग्रामीण बिकास सेवा केन्द्र ( RDSC) लगायतका संस्थाहरुका कार्यक्रम यस नगर क्षेत्रमा केन्द्रित गर्नका लागि समन्वय बढाउने र अन्य गैरसरकारी संस्थाहरु संगको समन्वलाई बढाउने र नगरकार्यपालिका कार्यालयमा NGO desk स्थापना गरिने छ ।

- नगरपालिकाले गठन गरेका बाल क्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक बन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरुलाई नगर बिकासमा परिचालनका समन्वय बढाइनेछ ।
- योग गरौ स्वास्थ्य बनौ भन्ने नाराका साथमा घरघरमा योग पुऱ्याउने कार्यक्रमको शुरुवात गर्नकालागि पतञ्जली योग समिति सहित ब्रम्ह कुमारी इश्वरीय बिश्व बिद्यालय समेत संगको समन्वय बढाइने छ ।
- हाल स्वदेश तथा बिदेशमा रहेका नगरक्षेत्रका ख्याति प्राप्त ब्यक्ति, उच्च पदस्थ कर्मचारी, पूर्ब प्रशासक, प्राध्यापक, साहित्यकार, उद्यमी, समाजसेबी, एबं पदाधिकारी सहित सबै संग समन्वय गरी नगरको बिकासका लागि मार्ग दर्शन एबं स्रोत जुटाउने कार्य **कालागि शिखर बिज्ञ ब्यक्ति समूह सूची** तयार गरी निजहरु संगको सम्पर्क स्थापना गर्न **भिडियो कन्फेरेन्स, तथा समन्वय बैठक** आयोजना गरिने छ ।
- गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको चौमासिक समिक्षा गर्ने, नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा चौमासिक बुलेटिन प्रकाशन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका गैर सरकारी सामाजिक संस्थाहरुको प्रोफाईल तयार गरिनेछ ।
- मुख्य चाडपर्वको समयमा नगरवासीहरुलाई प्रत्यक्ष लाभ हुने गरि सुपथ मुल्य पसलहरु (नुन, चिनी, खानेतेल) संचालनमा ल्याईनेछ ।

***यस गरिमामय नगर सभाका अध्यक्ष ज्यू, सदस्यज्यूहरु***

अव म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन :**

यस नगरपालिकामा प्राप्त भएको निकासा दातृ निकाय एवं संस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस नगरपालिकाबाट प्राप्त चालु आ.ब.कोलागि निम्नानुसारको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ का लागि कूल आय रु.५३ करोड ४५ लाख, ४८ हजार रहेकोछ ।

| **आय तर्फ** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **शिर्षक** | **स्रोत** | **रकम रु.** |
| १ | समानिकरण अनुदान | संघ | ११०७०००००। |
| २ | समानीकरण अनुदान | प्रदेश | ७०८७०००। |
| ३ | राजश्व बांडफाँड | संघ | १००८३२०००। |
| ४ | राजश्व बांडफाँड | प्रदेश | ३४६१०००। |
| ५ | आन्तरिक आम्दानी | न.पा. | ८५००००० |
| ६ | विशेष अनुदान | संघ | १५०००००। |
| ७ | विशेष अनुदान | प्रदेश | ४००००००। |
| ८ | समपुरक अनुदान | प्रदेश | ३०६८०००। |
| ९ | मालपोत रजिष्ट्रेशन | | ५०००००। |
| १० | शसर्त विषयगत शाखा | संघ | २८१४०००००। |
| | | **जम्मा** | **५३४५४८०००।** |

***३. अनुमानित ब्यय र श्रोत ब्यवस्थापन***

**आय : आगामी आ.ब. २०७७।०७८ मा कुल आम्दानी रु. ५३ करोड ४५ लाख अठचालिस हजार प्रस्तावित गरिएको छ ।**

**व्ययतर्फ : नगर तथा वडातर्फको प्रशासनिक खर्च तर्फ रु. ८ करोड  ५ लाख ५० हजार अर्थात  १५.०६ प्रतिशत विनियोजन गरिएको छ।**
**नगर, वडा र विषयगत शाखा तर्फको विकास तथा पूजिगत कार्यक्रम खर्च तर्फ रु. १५ करोड ५ लाख ३० हजार विनियोजन गरिएको छ।**
**विषयगत कार्यालय शसर्त अनुदान कार्यक्रम तर्फ रु. २८ करोड १४ लाख  विनियोजन भई कुल ब्यय रु. ५३ करोड ४५ लाख ४८ हजार प्रस्ताव गरिएको छ।**
**संघ तथा प्रदेश सरकारबाट तोकिएका विषेश अनुदान र समपुरक अनुदान तर्फ रु  २ करोड २० लाख अठसठ्ठी हजार रकम प्रस्ताव गरिएको छ।**

**आदरणिय नगरसभाका अध्यक्ष ज्यू, सदस्यहरुज्यू**
बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भै हामीलाई उल्लेखनिय सुझाव, सल्लाह दिई सहयोग गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू लगायत नगरकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाज सेवी, वृद्धीजिवी महानुभावज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधज्यू एवं संघ संस्थाका प्रतिनिधीज्यू हामीलाई रचनात्मक सुझाव सल्लाह दिनुहुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
अन्तमा प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शिखर नगरपालिका कार्यान्वयनको निम्ती अगाडी वढने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौ ।

***धन्यवाद !***

ऋषिराज जोशी
वडा अध्यक्ष एवं नगरसभा सदस्य
शिखर नगरपालिका
तल्कोट, डोटी

# सातौ नगरसभा बैठकको कार्यसूचि

- सभाअध्यक्ष ज्यूको प्रवेश संगै राष्टि«य गान धुन बजाई सबैले उठेर सभा प्रति सम्मान प्रकट गर्ने ।
- सबैले आ आफ्नो ठाउमा आसन ग्रहण गर्ने
- सभा अध्यक्ष ज्यूबाट बैठक प्रारम्भ भएको घोषण गर्ने
- उप प्रमुख ज्यूबाट सभाका सदस्यहरुलाई स्वागत अभिनन्दन गर्ने
- नगर सभा सदस्य एवं वडा नं. ८ का वडा सदस्य स्वर्गिय श्री भानी बलायरको निधन प्रति एक मिनेट मौन धारण सहित शोक प्रकट गरि शोक प्रस्ताव पारित गर्ने ।
- नगर सभा सदस्य स्वार्गिय श्री भानी बलायरको सदस्य पद रिक्त रहेको घोषण गर्ने ।
- नगर सभामा पेश गरिने प्रस्तावहरु प्रस्तुत गर्ने ।
- सभा अध्यक्ष ज्यूबाट आ.ब. २०७६।०७७ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति दिने (नगर सभा सदस्य श्री ऋषिराज जोशी) ।
- प्रस्तुत नीति तथा कार्यक्रम माथि आफ्नो भनाई राख्न नगर सभा सदस्यहरुलाई समय दिने
- सभा अध्यक्ष ज्यूबाट आफ्नो भनाई सहित नगर सभा सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने
- अर्को बैठक आगामी २०७७ आषाढ ... गते ............ विहान ११:०० बजे बस्ने गरि स्थगित ।